कर्णाली प्रदेश सरकार

मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय

प्रदेश तथा स्थानीय शासन सहयोग कार्यक्रम

**प्रदेश कार्यक्रम कार्यान्वयन इकाई**

वीरेन्द्रनगर, सुर्खेत

# नवप्रवर्तन साझेदारी कोष मार्फत परियोजना सञ्चालनको लागि अवधारणा पत्र (Concept Note) पेश गर्ने सम्वन्धी सूचना

(प्रथम पटक प्रकाशित मितिः २०७९।०८।२९)

प्रदेश तथा स्थानीय शासन सहयोग कार्यक्रम (**PLGSP**) अन्तरगतको नवप्रवर्तन साझेदारी कोषबाट नवीन सोच, अवधारणा तथा प्रविधिको माध्यमबाट भिन्न तरिकाले सार्वजनिक सुशासन, स्थानीय आर्थिक विकास र सार्वजनिक सेवा प्रवाहलाई छिटो छरितो, दक्ष र प्रभावकारी बनाउन नयाँ प्रविधि, ज्ञान, विधि, तौरतरिका, सीप तथा अवधारणा सम्वन्धी नवप्रवर्तनीय परियोजनाहरू सञ्चालन गर्न इच्छुक कर्णाली प्रदेशभित्रका सबै स्थानीय तहहरुलाई नवप्रवर्तन साझेदारी कोष कार्यान्वयन निर्देशिका, २०७८ को दफा ६ को उपदफा (१) वमोजिमको अनुसूची-१ को ढाँचामा यो सूचना प्रकाशित भएको मितिले १५ दिन भित्र परियोजना अवधारणा पत्र यस इकाईमा हार्डकपी वा यस इकाईको ईमेल ठेगाना **ppiu.karnali@plgsp.gov.np** मा ईमेल मार्फत् पेश गर्नुहुन नवप्रवर्तन साझेदारी कोष कार्यान्वयन निर्देशिका, २०७८ को दफा ५ वमोजिम यो सार्वजनिक सूचना आह्वान गरिएको छ।स्थानीय आर्थिक विकाससँग सम्वन्धित परियोजनाहरुलाई विशेष प्राथमिकतामा राखिनेछ।

नवप्रवर्तन साझेदारी कोष तथा परियोजना अवधारणा पत्र आह्वान सम्बन्धी विस्तृत जानकारी र कार्यविधि इकाईको सूचनापाटी, मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय, कर्णालीको वेवसाइट **https://www.ocmcm.karnali.gov.np** र प्रदेश तथा स्थानीय शासन सहयोग कार्यक्रमको वेवसाईट **https://plgsp.gov.np** मा हेर्न र डाउनलोड गर्न सकिनेछ।


**थप जानकारी तथा सम्पर्कः**

**प्रदेश कार्यक्रम कार्यान्वयन इकाई,**

वुलवुले चोक, वीरेन्द्रनगर, सुर्खेत (साविकको महिला विकास प्रशिक्षण केन्द्र)

फोन नं. ०८३-५२०५२९, **इमेलः** ppiu.karnali@plgsp.gov.np

श्री हाँसा कुमारी मल्ल, कानून तथा शासन विज्ञ, ९८५८३२०४४४, ई. जनक भट्टराई, नवप्रवर्तन साझेदारी कोष विज्ञ, ९८४९९४३९६९